# नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय मोरङ
## नागरिक बडापत्र (Citizen Charter)

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| १. | | नागरिकता सम्बन्धी |
| १.१ | वंशजको आधारमा नेपाली नागरिकता | **(क) यस जिल्लाको नागरिकको हकमा (तीन पुस्ता भित्रको नातेदारको वंशजको नागरिकता हुँदा)**<br>१. हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको अनुसुचि-१ फाराम ।<br>२. बाबु र आमाको नागरिकता, विवाहित महिला भए पतिको नागरिकताको सक्कल र प्रतिलिपि। सो नभए दाजु वा वंशज खुल्ने तिन पुस्ता भित्रको नातेदारको नागरिकता र फोटो सहितको नाता प्रमाणित।<br>३. हालसालै खिचिएको मुखाकृती र दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ प्रति<br>४. बाबु, आमा वा नागरिकता भिड्ने व्यक्तिबाट सनाखत, सो नभए दाजु वा भाइ वा तीन पुस्ते भित्रको नजिकको अभिभावक सँगको नाता प्रमाणित सहित सनाखत ।<br>५. जन्म दर्ता, जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र र नाबालक परिचय पत्र लिएको भए सो समेत ।<br>६. उक्त प्रमाण पेश हुन नसकेमा वंशज खुल्ने अन्य प्रमाण ।<br>७. प्रमाणिकरण गर्न आवश्यक देखिएमा स्थानीय तह र प्रहरी समेतको सर्जमिन<br>८. आवश्यकतानुसार CCCIMS Print<br><br>**(ख) अन्य जिल्लाबाट बसाई सराई गरी आएको हकमा थप कागज प्रमाणः-**<br>१. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाईसराईको प्रमाणपत्रको सक्कल र प्रतिलिपि ।<br>२. सक्कल जग्गाधनी प्रमाणपुर्जा वा घर निर्माण सम्पन्न प्रमाण पत्र<br>३. घरको नक्सा पास प्रमाणपत्र वा सक्कल सम्पत्ति कर तिरेको प्रमाण<br>४. बसाइ सराई आएको जिल्लाबाट बाबु, आमा वा सनाखत गर्ने व्यक्तिको नागरिकताको अभिलेख माग गरी सो भिडेको हुनुपर्छ ।<br>५. त्यस्ता व्यक्तिको CCIMS Print<br><br>**(ग) कर्मचारी परिवारको नागरिकता प्रमाणपत्र**<br>१. जिल्लामा कार्यरत नेपाल सरकारका स्थायी कर्मचारी, सरकारी संस्थान, विश्वविद्यालय वा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक परिवार भएमा माथी बुदा नं.(क) मा उल्लेखित कागज प्रमाणका उतिरिक्त सम्बन्धित निकायको सिफारिस र कर्मचारी परिचयपत्रको प्रतिलिपि<br><br>**(घ) बाबुको जन्मको आधारको नागरिकता भई आमाको समेत नागरिकता भएको सन्तानको सम्बन्धमाः-**<br>१. हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको अनुसुचि-१ फाराम ।<br>२. बाबु र आमाको नागरिकता प्रमाण पत्रको सक्कल र प्रतिलिपि (मिति २०७२।०६।०३ भन्दा अगाडी नागरिकता प्राप्त गरेको हुनु पर्ने) एवं CCIMS अभिलेख ।<br>३. जन्म दर्ता, जन्म मिति खुल्ने शैक्षिक प्रमाण पत्र<br>४. स्थायी बसोबासको प्रमाण, बाबु आमाको मतदाता परिचय पत्र, जग्गा धनि प्रमाण पूर्जा<br>५. बाबु, आमासँगको नाता प्रमाणित<br>६. बाबु-आमाको विवाह दर्ता<br><br>**(ङ) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बुबाको पहिचान हुन नसकेको र**<br><br>**नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको व्यक्तिको**<br>• बुवा सम्पर्क बिहिन भई बाबुको पहिचान हुन नसकेको,<br>• आमाले बुवा यही हो भनी पहिचान गराउन नसकेको,<br>• जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बावुको नाम उल्लेख भएता पनि बाबुको पहिचान खुलाउन नसकेको,<br>१) हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट |

प्रशासकिय अधिकृत

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| | | प्रमाणित गरी सिफारिस भएको अनुसुचि-१ फाराम ।<br>२) जन्म दर्ता,<br>३) आमाको वंशजको नेपाली नागरिकताको प्रमाणपत्र,<br>४) जन्म स्थान र नाता खुल्ने गरी स्थानीय तहले गरिदिएको सिफारिस,<br>५) निजको जन्म नेपालमा भई नेपालमा नै बसोवास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको किटानी सिफारिस र वडा सर्जमिन,<br>६) अनुसूची ४(क) बमोजिमको स्वघोषणा (निवेदक र आमा दुवैले),<br>७) फोटो सहितको नाता प्रमाणीत(आमा र सन्तानहरु),<br>८) मतदाता परिचय पत्र,<br>९) जग्गा धनिपूर्जा/स्थायी बसोवासको प्रमाण,<br>१०) प्रहरी सर्जमिन (यस कार्यालयले गर्ने) ।<br><br>**(च) मातृत्व र पितृत्व ठेगाना नभएकाले नागरिकता प्राप्त गर्न**<br>१.हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित अनुसुची-१ बमोजिमको विवरण भरी सम्बन्धित वडाको सिफारिस<br>२. जन्म दर्ता प्रमाणपत्र,<br>३. बाल मन्दिर, अनाथलय जस्ता नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र संस्थाको प्रमुखको सनाखत साथै सो को आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस र सर्जमिन मुचुल्का<br>४. कानूनी संरक्षकद्धारा हुर्काईएको भए त्यस्तो संरक्षकले गरेको सनाखत सहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्का<br>५. कुनै व्यक्ति विशेषले पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र तथा सनाखत र सोही व्यहोरा बमोजिमको सम्बन्धित स्थानीय तहको सिफारिस र सर्जमिन मुचुल्का ।<br>६. स्थलगत प्रहरी सर्जमिन |
| १.२ | अंगीकृत नागरिकता | **(क) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाको हकमा (वैवाहिक अंगीकृत नागरिकता प्राप्ती)**<br>१. हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको अनुसुचि-७ फाराम ।<br>२. पतिको नागरिकता प्रमाण पत्रको सक्कल, प्रतिलिपि र सनाखत ।<br>३. विवाह दर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि ।<br>४. पतिको नागरिकताको अभिलेख/CCIMS ।<br>५. विदेशी नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण ।<br>६. बाबु र आमाको सम्बन्धित देशको पहिचान खुल्ने प्रमाण।<br>७. भारतीयको हकमा सक्कल आधार कार्ड ।<br>८. भिसा लाग्ने देशको महिला भए नेपाल आएको देखिने राहदानी सहित मान्य अवधिको भिसा ।<br>९. प्रमाणिकरण गर्न आवश्यक स्थानीय तह र प्रहरी सर्जमिन<br>१०. विदेशी नागरिकता परित्याग गरेको पत्र<br>११. शपथ पत्र<br><br>**(ख) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा)**<br>१) हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको अनुसुचि-७ फाराम ।<br>२) जन्मदर्ता,<br>३) आमाको नेपाली नागरिकताको प्रमाणपत्र,<br>४) नेपालमा स्थायी बसोवास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तहको किटनी सिफारिस र वडा सर्जमिन,<br>५) निज र आमाले अनुसूची - ७ क बमोजिम गरेको स्वघोषणा,<br>६) फोटो सहितको नाता प्रमाणीत(आमा र सन्तानहरु बिचको),<br>७) बाबु विदेशी नागरिक भएको आधिकारीक निकायबाट जारी प्रमाण,<br>८) मतदाता परिचय पत्र,<br>९) जग्गा धनिपूर्जा/स्थायी बसोवासको प्रमाण,<br>१०) आवश्यकता अनुसारका अन्य कागजात माग्न सकिने, |

प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| | | ११) प्रहरी सर्जमिन(यस कार्यालयले गर्ने)<br><br>**(ग) बावु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नागरिकता प्राप्त गरेको र अर्को को नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्क बिहिन रहेको**<br>१) हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको अनुसुचि-७ फाराम ।<br>२) जन्मदर्ता,<br>३) नागरिकताको प्रमाणपत्र (बावु वा आमाको),<br>४) मृत्युदर्ता(बावु वा आमाको मृत्यु भएको हकमा मात्र),<br>५) जन्म स्थान र नाता र निज नेपालमा स्थायी बसोवास गरेको व्यहोरा खुल्ने गरी सम्बन्धीत स्थानीय तहले गरिदिएको सिफारिस,<br>६) बावु वा आमा सम्पर्कविहीन भएको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तहको किटानी सिफारिस र वडा सर्जमिन(बावु वा आमा सम्पर्कविहीन भएको हकमा मात्र),<br>७) निवेदकले गरेको अनुसूची - ७(ख) बमोजिम गरेको स्वघोषणा,<br>८) पारिवारिक विवरण,<br>९) बाबु-आमा र निवेदकहरुबिच फोटो सहितको नाता प्रमाणित,<br>१०) मतदाता परिचय पत्र,<br>११) जग्गा धनिपूर्जा/स्थायी बसोवासको प्रमाण,<br>१२) प्रहरी सर्जमिन(यस कार्यालयले गर्ने) ।<br><br>**(घ) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोवास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बुवाको पहिचान नभएको हकमा**<br>१) हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको अनुसुचि-७ फाराम ।<br>२) जन्मदर्ता,<br>३) आमाको नेपाली नागरिकता,<br>४) निजको जन्म भएको मुलुक, स्थान र जन्म सम्बन्धी विवरण खुल्ने कागजात,<br>५) नेपालमा स्थायी बसोवास गरेको र निजको बाबुको पहिचान नभएको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको किटानी सिफारिस र वडा सर्जमिन,<br>६) विदेशी मुलुकको नागरिकता वा राहदानी नलिएको भनी निज र आमाले अनुसूची ७(क) बमोजिम गरेको स्वघोषणा,<br>७) फोटो सहितको नाता प्रमाणीत,<br>८) मतदाता परिचय पत्र,<br>९) राहदानी/यात्रा अनुमतिपत्र,<br>१०) जग्गा धनिपूर्जा/स्थायी बसोवासको प्रमाण,<br>११) प्रहरी सर्जमिन(यस कार्यालयले गर्ने) । |
| १.३ | नेपाली नागरिकताको प्रतिलिपि | १. हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गरी सिफारिस भएको प्रतिलिपिको अनुसुचि फाराम ।<br>२. सक्कल वा झुत्रो नागरिकता वा ना.प्र.प. नम्बर वा जारी मिति खुलेको प्रमाण ।<br>३. बसाईसराई गरी आएका अन्य जिल्लाहरुबाट ना.प्र.प. लिएका व्यक्तिको हकमा बसाईसराई प्रमाण पत्र, जग्गाधनी प्रमाण पुर्जा र घर निर्माण गर्ने स्वीकृतिपत्र ।<br>४. विवाह गरी आएको हकमा विवाह दर्ता, पतिको नागरिकता र सनाखत र सम्बन्ध विच्छेद भएकी महिलाको हकमा अदालतको सम्बन्ध विच्छेको फैसला, सम्बन्ध विच्छेद प्रमाण पत्र तथा अन्य आवश्यक कागजात<br>५. कार्यालयको अभिलेख भिडेको प्रमाण/CCIMS<br>६. अन्य जिल्लाबाट नागरिकता प्रमाणपत्र जारी भएको भए सम्बन्धित जिल्लाबाट अभिलेख भिडेको प्रमाण/CCIMS । |

प्रशासकिय अधिकृत

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| १.४ | नागरिकता परित्याग | १.हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धीत वडाबाट प्रमाणित गरी सिफारिस भएको अनुसूची-९ फारम<br>२. सक्कल नागरिकता प्रमाणपत्र<br>३. सक्कल राहदानी<br>४. विदेशी राष्ट्रबाट प्राप्त गरेको नागरिकता प्रमाणपत्र तथा राहदानी वा प्राप्त हुने अग्रिम जानकारी पत्र (No Objection Letter) |
| १.५ | गैरआवासीय नागरिकता प्रमाणपत्र | १) नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० को अनुसूची ८ (ग) बमोजिम हालसालै खिचीएको मुखाकृति एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो सहित सम्बन्धीत वडाबाट प्रमाणित गरी सिफारिस भएको अनुसूची फारम,<br>२) नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० को अनुसूची ८ (घ) बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची - ८ (च) बमोजिमको शपथ,<br>३) विदेशी मुलुकको नागरिकता प्रमाणपत्र पत्र वा नागरिक भएको प्रमाण (*नागरिकता र राहदानी*,<br>४) SAARC सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण र उक्त मुलुकबाट लिएको राहदानी,<br>५) सम्बन्धित व्यक्तिले साविकमा नेपालको नागरिकता लिई नागरिकता त्याग गरेको प्रमाण,<br>६) निवेदकको आफ्नो बाबु, आमा, बाजे वा बज्यै नेपाली नागरिक रहेको प्रमाण सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ । यदि नजिकको नातेदार नभएमा निजलाई चिन्ने, बुझ्ने नजिकको नातेदार वा नेपाली नागरिकबाट थप बुझी सनाखत गराउन सकिनेछ ।<br>७) जिल्ला प्रशासन कार्यालयले प्रहरी कार्यालय तथा अन्य निकायबाट स्थलगत सर्जमिन मुचुल्का गरी थप आवश्यक व्यहोरा बुझ्न पठाउन सक्नेछ । |
| २. | | **विद्युतीय राहदानी सम्बन्धी** |
| २.१ | राहदानी | **आवेदकको नागरिकता प्रमाणपत्र जिल्ला प्रशासन कायालय, मोरङबाट जारी भएको हकमाः**<br>१. रितपूर्वक भरिएको राहदानीको अनलाईन फाराम । (सबै प्रकारको राहदानीको लागि अनलाईन फाराम अनिवार्य रहेको र कार्यालयबाट निशुल्क भरिने व्यवस्था भएको)<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र सो को १ प्रति फोटोकपी<br>३. राष्ट्रिय परिचय पत्र र सो को १ प्रति फोटोकपी वा राष्ट्रिय परिचय पत्र नंम्बर खुल्ने कुनै कागजात ।<br>४. नाबालकको हकमा नाबालक परिचयपत्र, जन्मदर्ता, निजको बाबु आमाको विवाह दर्ता, नाता प्रमाणित, निजको बाबु आमा मध्ये कुनै एक जनाको नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी<br>**अन्य जिल्लाबाट नागरिकता लिई बसाईसराई गरी आउनेको हकमा माथि उल्लेखित कागजात बाहेक निम्न कागजातहरु समेत पेश गर्नु पर्नेछ**<br>५. बसाई सराई दर्ता प्रमाणपत्रको सक्कल एवं प्रतिलिपि<br>६. अन्यत्र जिल्लाबाट नागरिकता लिएको हकमा नागरिकताका अनलाईन प्रणालीमा विवरण फेला नपरेमा नागरिकता जारी भएको जिल्लाबाट अभिलेख बुझिनेछ ।<br>**अन्यत्र जिल्लाबाट नागरिकता लिई मोरङ जिल्लामा विवाह गरी आउनेको हकमाः**<br>७. विवाह दर्ताको प्रमाणपत्र सक्कल र सो को प्रतिलिपि ।<br>यहि जिल्लाबाट ना.प्र. जारी भएको हकमा विवाह दर्ता आवश्यक नपर्ने ।<br>८.अन्यत्र जिल्लाबाट नागरिकता लिएको हकमा नागरिकताको अनलाईन प्रणालीमा निजको विवरण फेला नपरेमा नागरिकता जारी भएको जिल्लाबाट अभिलेख बुझिनेछ।<br>**द्रुत सेवाको लागि राहदानी विभागमा सम्पर्क गर्नुपर्ने ।** |
| ३. | | **राष्ट्रिय परिचय पत्र सम्बन्धी** |
| ३.१ | राष्ट्रिय परिचय पत्र | १. रितपूर्वक भरिएको अनलाईन फाराम (कार्यालयबाट निःशुल्क भर्ने व्यवस्था भएको)<br>२. नेपाली नागरिकताको प्रमाण पत्रको सक्कल प्रति ।<br>३. विवाह गरेको हकमा विवाह दर्ताको प्रमाणपत्र सक्कल ।<br>(नागरिकतामा पतिको नाम उल्लेख भएको हकमा नपर्ने)<br>४. सम्बन्ध विच्छेद भएको हकमा सम्बन्धित वा कार्यालयमा सम्बन्ध विच्छेद दर्ता गराई वा कार्यालयबाट जारी भएको सम्बन्ध विच्छेदको सक्कल प्रमाणपत्र<br>५. मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाणपत्रको सक्कल।<br>**अन्यत्र जिल्लाबाट नागरिकता लिई बसाई सराई गरी आउनेको हकमा माथि उल्लेखित कागजात बाहेक निम्न कागजातहरु समेत पेश गर्नुपर्नेछ ।** |

प्रशासकीय अधिकृत

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| | | ६. बसाई सराई दर्ता प्रमाण पत्रको सक्कल । अन्यत्र जिल्लाबाट नागरिकता लिएको हकमा नागरिकताको अनलाईन प्रणालीमा निजको विवरण फेला नपरेमा नागरिकता जारी भएको जिल्लाबाट अभिलेख बुझिनेछ । |
| ३.२ | परिचयपत्र संसोधन | १.राष्ट्रिय परिचयपत्र कार्ड सक्कल<br>२. संशोधन गर्नुपर्ने विषय सहितको निवेदन फाराम<br>३. रु.५००।– तिरेको बैंक भौचर सहित स्वयम उपस्थित हुनुपर्नेछ । |
| ४. | | प्रशासन शाखासँग सम्बन्धित कार्यहरु |
| ४.१ | नाबालक परिचय पत्र तथा प्रतिलिपि सम्बन्धी | १. तोकिएको ढाँचा बमोजिमको निवेदन फाराम र स्थानीय तहको सिफारिस<br>२. बाबु र आमाको सक्कलै नागरिकता तथा प्रतिलिपि<br>३. बाबु र आमाको विवाह दर्ता प्रमाण पत्र<br>४. बाबु र आमासँगको नाता प्रमाणित<br>५. बच्चाको जन्म दर्ताको सक्कल र प्रतिलिपि<br>६. बसाइ सरी आउनेको हकमा बसाई सराइको प्रमाण पत्र वा स्थायी बसोवासको प्रमाण पत्र<br>७. कर्मचारी परिवारको हकमा कार्यालयको सिफारिस<br>८. बच्चाको ३ प्रति पासपोर्ट साइजको फोटो<br>९. नाबालक परिचय पत्र हराई वा झुत्रो भई प्रतिलिपि लिनुपर्ने भएमा सिफारिस सहितको निवेदन तथा सक्कलै झुत्रो तथा व्यहोरा खुल्ने प्रमाण पेश गर्नुपर्नेछ । |
| ४.२ | संस्था दर्ता सम्बन्धी | १. रितपूर्वकको निवेदन<br>२. तदर्थ भेलाको निर्णय (सर्वसम्मतले तदर्थ समितिका पदाधिकारीहरुको चयन, संस्थाको नाम र ठेगाना छनौट, विधान मस्यौदा समिति गठन, जिल्ला प्रशासन कार्यालय मोरङमा संस्था दर्ता गर्ने निर्णयहरु)<br>३. तदर्थ समितिका पदाधिकारी र सदस्यहरुले प्रत्यक पानामा तलमाथि दस्तखत गरेको विधानको ३ प्रति (नेपाली कागजमा)<br>४. कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरण(फोटो सहित)<br>५. स्थानीय निकायको सिफारिस<br>६. संस्थाका पदाधिकारीहरुको चालचलन बुझेको प्रहरी प्रतिवेदन |
| ४.३ | संस्था नवीकरण | १. रितपूर्वकको निवेदन<br>२. साधरण सभाको निर्णयको प्रतिलिपि<br>३. लेखापरीक्षणको प्रतिवेदन<br>४. लेखापरीक्षकको अडिटर्स इजाजत पत्र<br>५. वार्षिक प्रगति विवरण<br>६. कार्यक्षेत्र सँग सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र<br>७. संस्था दर्ता प्रमाणपत्रको सक्कल<br>८. कार्य समितिको निर्णयको प्रतिलिपि<br>९. कर चुक्ता प्रमाण पत्र |
| ४.४ | संस्थाको विधान संशोधन | १. रितपूर्वकको निवेदन<br>२. तोकिएको फाराममा साविकमा भएको स्वीकृत विधानमा थपघट गर्नुपर्ने कारण समेत खुलाई साधारण सभाको कम्तिमा दुई तिहाई वहुमतको निर्णयको प्रतिलिपि<br>३. तीन महले - संशोधन हुने विधानको दुई प्रति (साविकमा भएको व्यवस्था, हाल संशोधन गर्न लागिएको व्यवस्था र संशोधन गर्नुपर्ने कारण)<br>४. स्वीकृत सक्कल विधान र प्रमाणपत्र तथा सो को प्रतिलिपि |
| ४.५ | संस्था दर्ता प्रमाण पत्र तथा स्वीकृत विधानको प्रतिलिपि सम्बन्धी | १. रितपूर्वकको निवेदन<br>२. कार्यसमितिको निर्णयको प्रतिलिपि<br>३. संस्था दर्ता प्रमाणको झुत्रो/सक्कल वा विवरण खुलेको प्रमाण |
| ४.६ | जिल्लामा संस्थाको शाखा खोल्ने सम्बन्धी | १. मूल कार्यसमितिको सिफारिस तथा जिल्ला शाखाको निवेदन<br>२. संस्थाको केन्द्रिय कार्य समितिको निर्णय<br>३. प्रमाणपत्र तथा विधानको प्रतिलिपि<br>४. जिल्ला शाखाका पदाधिकारीहरुको नागरिकता तथा व्यक्तिगत विवरण<br>५. स्थानीय निकायको सिफारिस |
| ४.७ | पत्रपत्रिका दर्ता | |

प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय मोरङ

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| | सम्बन्धी | १. तोकिएको ढाँचामा प्रकाशक/सम्पादकको निवेदन तथा निवेदनमा पत्रिकाको किसिम/साइज खुलाइएको हुनुपर्ने<br>२. प्रकाशक तथा सम्पादकको ४ प्रति फोटो र नागरिकताको प्रतिलिपि<br>३. प्रकाशक संस्था भए संस्थाको छाप, प्रबन्धपत्र वा संस्थाको स्वीकृत विधान, प्रमाणपत्र नवीकरण भएको प्रमाण, कर तिरेको प्रमाण, अडिट रिपोर्ट, संचालकहरुको बैठकको निर्णय समेतका कागजातहरुको प्रतिलिपि<br>४. सम्पादक हुन चाहिने योग्यता (एस.एल.सि.देखि स्नातक उत्तीर्ण सम्मको मार्कसिट, चारित्रिक प्रमाणपत्र र प्रोभिजनल सर्टिफिकेटका प्रतिलिपि वा एस.एल.सी. उत्तीर्ण गरी १०(दश) वर्ष पत्रकारितामा संलग्न रहेको प्रमाण)<br>५. सम्पादकलाई प्रकाशकले नियुक्त गरेको कागज तथा पत्रिकामा सम्पादक रही काम गर्ने बारेको सम्पादकको मञ्जुरीनामा कागज<br>६. स्वीकृत छापाखानाबाट पत्रिका छाप्न दिएको सिफारिस<br>७.छापाखानालाई जिल्ला प्रशासन कार्यालयबाट दिएको स्वीकृति<br>८. मुद्रकको सिफारिस र प्रमाणपत्रको प्रतिलिपि तथा मुद्रकले कर तिरेको प्रमाण<br>९. प्रहरी प्रतिवेदन |
| ४.८ | छापाखाना संचालन सम्बन्धी इजाजत | १. छापाखाना दर्ता प्रमाण पत्र<br>२. निवेदन, संस्था भए संस्था सम्बन्धी प्रमाण, निर्णय र संचालकको ना.प्र.प. प्रतिलिपि<br>३. कर सम्बन्धी प्रमाण<br>४. छापाखाना संचालन गर्ने घर जग्गाको प्रमाण, अन्य व्यक्तिको घर भएमा मञ्जुरीनामा ५. छापाखाना उपकरणहरु खरिद गरेको वा नामसारी भई आएमा सो समेतको सम्पूर्ण प्रमाणहरु<br>६. ५ प्रति फोटोहरु |
| ४.९ | कार्यक्रमको अनुमति एवं सुरक्षा व्यवस्था | १. यस कार्यालयमा दर्ता भएको संस्था भए दर्ता एवं नवीकरण भएको विवरण देखिने कागजातको प्रतिलिपि सहित कार्यक्रमको विस्तृत विवरण उल्लेख भएको पत्र वा तोकिएको ढाँचाको निवेदन ।<br>२. सम्बन्धित वडा कार्यालय वा स्थानीय तह वा अन्य निकायको सिफारिस लिनु पर्ने भएमा सो समेत संलग्न राख्ने । |
| ४.१० | निजी सुरक्षा कम्पनीको दर्ता, नवीकरण एवं पुनःकार्यसञ्चालन अनुमति | १. कम्पनी रजिष्ट्रारको कार्यालयको सिफारिश पत्र ।<br>२. चालचलन प्रतिवेदन बुझिनेछ । |
| ४.११ | DRONE उडानको अनुमति | १. नेपाल नागरिक उडडयन प्राधिकरणमा ड्रोन दर्ता भएको प्रमाणपत्र ।<br>२. मानवरहित हवाई उपकरण (Remotely Piloted Aircraft (RPA) Popularly Known As 'DRONE') उडान सम्बन्धी कार्यविधि, २०७५ मा उल्लिखित सम्पूर्ण कागजातहरु सहितको निवेदन-पत्र । |
| ४.१२ | भारतीय पेन्सनरको पारिवारिक विवरण लगायतको सिफारिश | १. प्रयोजन खुलेको सम्बन्धित व्यक्तिको निवेदन<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस र सक्कल नाता प्रमाणित<br>३. निवेदकको नागरिकता प्रमाण पत्रको फोटोकपी, पेन्सन पट्टाको फोटोकपी लगायत प्रमाण खुल्ने अन्य कागजातहरु<br>४. आवश्यकता अनुसार बसाई सराई, ज.ध.प्रमाण पूर्जा, विवाहदर्ता, जन्म दर्ता, मृत्यु दर्ता आदि<br>५. प्रमाणिकरण गर्न आवश्यक देखिएमा स्थानीय तह र प्रहरी समेतको मुचुल्का । |
| ४.१३ | विस्फोटक पदार्थ आयातको सिफारिस | विस्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३ बमोजिम प्रक्रिया |
| ४.१४ | रसायनिक पदार्थ आयातको सिफारिस | रसायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३ बमोजिम प्रक्रिया |
| ४.१५ | नामथर उमेर आदि फरक परेको प्रमाणित | १. प्रयोजन खुलेको सम्बन्धित व्यक्तिको निवेदन, नागरिकता प्रमाणपत्र र अन्य सम्बन्धित कागजातको प्रतिलिपि<br>२. सम्बन्धि व्यक्तिको पेन्सन पट्टाको प्रतिलिपी (पेन्सनवालाको हकमा)<br>३. सम्बन्धित स्थानीय निकायको फोटो सहितको सिफारिस र नाता प्रमाणितको प्रतिलिपी ।<br>४. आवश्यकतानुसार वसाई सराई, जन्म दर्ता, मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी आदि<br>५. प्रमाणिकरण गर्न आवश्यक देखिएमा स्थानीय तह र प्रहरी समेतको मुचुल्का । |
| ४.१६ | मधेशी, आदिवासी, जनजाती, दलित, | १. निवेदकले पेश गर्नुपर्ने निर्धारित ढाँचाको निवेदन<br>२. सम्बन्धित स्थानीय तहको सिफारिस<br>३. निवेदकको नागरिकता प्रमाण पत्र/नाबालिक परिचय पत्र |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| | खस आर्य आदिको प्रमाणित | ४. खस आर्य प्रमाणितका लागि सम्बन्धित स्थानीय तहबाट विपन्न भन्ने व्यहोरा खुलेको सिफारिस |
| ४.१७ | नागरिकताको प्रमाणपत्र र अन्य सरकारी कागजातमा नाम थर फरक परेमा सो को विवरण प्रमाणित गर्ने | १. सम्बन्धित स्थानीय तहको सिफारिस<br>२. निवेदकले पेश गर्नुपर्ने निर्धारित ढाँचाको निवेदन<br>३. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र<br>४. शैक्षिक योग्यताको प्रमाण पत्र वा अन्य सरकारी कागजात<br>५. हालसालै खिचिएको मुखाकृत एवं दुवै कान देखिने पासपोर्ट साइजको फोटो |
| ४.१८ | अन्य व्यहोरा प्रमाणित | १. प्रयोजन र व्यहोरा खुलेको निवेदन र सम्बन्धित प्रमाणको कागजात ।<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।<br>३) प्रमाणिकरण गर्न आवश्यक देखिएमा स्थानीय निकाय र प्रहरी समेतको मुचुल्का । |
| ४.१९ | हातहतियार इजाजतको आवेदन | १. रितपूर्वकको निवेदन<br>२. नागरिकताको प्रमाणपत्रको सक्कल र प्रतिलिपि<br>३. निवेदकको निरोगिता सम्बन्धी पत्र<br>४. स्थानीय तहको सिफारिस<br>५. हतिरयारसँग सम्बन्धित कागजात<br>६. प्रहरी प्रतिवेदन |
| ४.२० | हातहतियार नामसारी सम्बन्धी | १. रितपूर्वकको निवेदन,<br>२. ना.प्र.प.को प्रतिलिपि<br>३. स्थानीय निकायको सिफारिस<br>४. हतियारको इजाजतपत्र<br>५. प्रहरी प्रतिवेदन दुईपक्ष बीचको कागज<br>६. हकदार भएमा नाता खुल्ने प्रमाण |
| ४.२१ | हातहतियार नवीकरण सम्बन्धी | १. सम्बन्धित व्यक्तिको निवेदन<br>२. सक्कल इजाजत पत्र<br>३. वारेस मार्फत भए मञ्जुरीनामा |
| ४.२२ | हातहतियार इजाजत प्रतिलिपि सम्बन्धी | १. इजाजत नम्बर खुल्ने प्रमाण सहित निवेदन<br>२. ना.प्र.प.को प्रतिलिपि<br>३. हराएको इजाजतपत्रको हकमा प्रहरीको सिफारिस पत्र |
| ४.२३ | अनियमितता एवं भ्रष्टाचारजन्य कार्य उपर उजुरी | १. सम्बन्धित निवेदकले आफ्नो पहिचान खुल्ने कागजात समेत संलग्न गरी कुन निकाय वा संस्थामा, कस्ले के-कस्तो अनियमितता वा भ्रष्टाचार सम्बन्धी कार्य गरेको हो खुलेको निवेदन<br>२. अनियमितता वा भ्रष्टाचार गरेको आधार वा प्रमाणहरु भए सो सम्बन्धी कागजात |
| ४.२४ | गुनासो वा ठाडो उजुरी सम्बन्धमा | सम्बन्धित निवेदकको ना.प्र.पत्र वा निजको पहिचान दिने कागजात संलग्न गरी मनासिब व्यहोरा खुलेको निवेदन । |
| ४.२५ | शान्ति सुरक्षाको निवेदन सम्बन्धी | सम्बन्धित निवेदकको ना.प्र.पत्र वा निजको पहिचान दिने कागजात संलग्न गरी मनासिव व्यहोरा खुलेको निवेदन । |
| ५. | | ५. मुद्दा सम्बन्धी |
| ५.१ | जरुरी पकाउ पूर्जी समर्थन तथा पकाउ अनुमति | पकाउ गर्ने प्रहरी कार्यालयले बाटोको म्याद र सार्वजनिक विदा बाहेक २४ घण्टा भित्र थुनुवा सहित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने । |
| ५.२ | म्याद थप | सम्बन्धित प्रहरी कार्यालयले थुनुवा सहित प्रशासकीय अधिकृत समक्ष पेश गर्ने |
| ५.३ | मुद्दा दर्ता/ बयान/थुनछेक | १. प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने<br>२. अभियोग पत्रसाथ प्रतिवादीलाई कार्यालय बन्द हुने समय भन्दा कम्तीमा २ घण्टा पहिले उपस्थित गराईएको हुनुपर्ने |

प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| | आदेश/म्याद जारी | ३. फरार प्रतिवादीको ३ पुस्ते विवरण, स्पष्ट वतन र सम्पर्क नं. समेत अभियोग पत्रमा स्पष्ट खुलेको हुनुपर्ने । |
| ५.४ | सवारी दुर्घटनाका मृतकका हकदार/ घाइतेलाई क्षतिपूर्ति, राहत, औषधी उपचार दिलाई भराई दिने | १. दुर्घटना पुष्टी हुने मुचुल्का सहितका कागजातहरु (सम्बन्धित प्रहरीबाट घटना मुचुल्का, लाश बुझेको पत्र, मेडिकल प्रतिवेदन, मृतकको नागरिकता, मृत्यु दर्ता प्रमाणपत्र, नजिकको हकदारको नागरिकता प्रमाणपत्र, नाता प्रमाणित र सम्बन्धित स्थानीय तहको सिफारिस) सहित सम्बन्धित व्यक्ति/हकदार स्वयं उपस्थित हुनुपर्ने<br>२. सवारी धनीका तर्फबाट सवारीधनी प्रमाणपत्र, बिमा आलेख, अख्तियारनामा, रकम बुझाउनेको परिचयपत्र सहित सम्बन्धित व्यक्ति उपस्थित हुनुपर्ने । |
| ५.५ | धरौटी फिर्ता | १. यस कार्यालयबाट भएको फैसलामा चित्त बुझी पुनरावेदन नगर्ने भए सोही व्यहोरा खुलेको धरौटी फिर्ताको निवेदन (रु. १० को टिकट सहित) दिनुपर्ने<br>२. नेपाली नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने अन्य प्रमाण २ प्रति<br>३. सम्बन्धित व्यक्तिको खाता नम्बर सहितको विवरण खुलेको निस्सा २ प्रति |
| ६. | | आर्थिक प्रशासन शाखा |
| ६.१ | सडक दुर्घटनाको क्षतिपुर्तिको रकम प्राप्त गर्न | १. सडक दुर्घटना क्षतिपूर्ति वापतको रकम उपलब्ध गराई पाउँ भनी निवेदन<br>२. मृतकको नागरिकताको प्रमाणपत्र<br>३. घटनास्थलको मुचुल्का/प्रहरी प्रतिवेदन<br>४. मृत्यु दर्ता प्रमाणपत्र<br>५. क्षतिपूर्ति रकम उपलब्ध गराईदिनु भनी प्रहरी कार्यालयको सिफारिस<br>६. क्षतिपूर्ति रकम जम्मा गरेको भौचरको प्रतिलिपि<br>७. नाता प्रमाणित/विवाह दर्ता प्रमाण पत्र<br>८. हकदार किटानी गरेको स्थानीय तहको किटानी सक्कल सिफारिस पत्र<br>९. हकदारको नागरिकताको प्रमाण पत्र<br>१०. बैंक खाता नं. र नाम बुझिने गरी चेकको फोटोकपी<br>११. स्थायी लेखा नम्बर प्रमाणपत्रको फोटोकपि |
| ६.२ | वैदेशिक दुर्घटनाको क्षतिपूर्ति रकम प्राप्त गर्न | १. वैदेशिक क्षतिपूर्ति वापतको रकम उपलब्ध गराई पाउँ भनी रु.१० को टिकट टाँसी निवेदन<br>२. मृतकको नागरिकताको प्रमाणपत्र र राहदानीको सक्कल प्रति<br>३. लास बुझेको भरपाई/मृत्यु दर्ता प्रमाण पत्र<br>४. क्षतिपूर्ति रकम जम्मा गरेको भौचरको फोटोकपी<br>५. नाता प्रमाणित/विवाह दर्ता प्रमाण पत्र<br>६. हकदार किटानी गरेको स्थानीय तहको किटानी सक्कल सिफारिस<br>७. हकदारको नागरिकताको प्रमाणपत्र<br>८. स्थायी लेखा नम्बर प्रमाणपत्रको फोटोकपी<br>९. बैंक खाता नं. र नाम बुझिने गरी चेकको फोटोकपी |
| ६.३ | दैवि प्रकोप क्षतिपूति रकम प्राप्त गर्न | **विपद्, संवेदनशिल सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८२ बमोजिम आउनु पर्ने**<br>१. दैवि प्रकोप राहत रकम उपलब्ध गराई पाउँ भनी रु.१० को टिकट टाँसी निवेदन<br>२. घटनास्थलको फोटो तथा प्रहरी प्रतिवेदन सहितको मुचुल्का<br>३. आर्थिक सहयोग गरिदिने भनी स्थानीय तहको किटानी सक्कल सिफारिस<br>४. विपद प्रभावितको नागरिकताको प्रमाण पत्र/जग्गाधनी दर्ता प्रमाण पत्र<br>५. बैंक खाता नं. र नाम बुझिने गरी चेकको फोटोकपी<br>६. स्थायी लेखा नम्बर प्रमाणपत्रको फोटोकपी |
| ६.४ | धरौटी बापतको रकम प्राप्त गर्न | १. धरौटी रकम उपलब्ध गराई पाउँ भनी रु.१० को टिकट टाँसी निवेदन<br>२. जिल्ला प्रशासन कार्यालय/जिल्ला अदालतको फैसलाको प्रतिलिपी<br>३. धरौटी रकम फिर्ता गरिदिने भनी मुद्दा शाखाको सिफारिस पत्र<br>४. धरौटी बाकककको नागरिकताको प्रमाणपत्र/जग्गाधनी प्रमाणपत्र<br>५. बैंक खाता नं. र नाम बुझिने गरी चेकको फोटोकपी<br>६. स्थायी लेखा नम्बर प्रमाणपत्रको फोटोकपी |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र. सं. | सेवा/कामहरुको विवरण | आवश्यक कागजात/प्रमाणहरु |
|---|---|---|
| ६.५ | विपद् पिडितले क्षतिपूर्ति प्राप्त गर्नको लागि | विपद्मा परी व्यक्तिको मृत्यु भएमा:<br>१. मृतकको लास जाँच मुचुल्का ।<br>२. मृतकको कानूनी हकदार सँगको नाता प्रमाणित<br>३. मृत्यु दर्ता प्रमाणपत्र<br>४. सम्बन्धि निवेदकको नागरिकताको प्रमाण वा परिचय खुल्ने कुनै कागजात |

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी<br>मोबाइल नं. ९८५२०५७७७७<br>टेलिफोन नं.०२१-५७६९०८,<br>५१५२५१ | **Email Address:**<br>dao.morang1@gmail.com<br>daomorang101@gmail.com<br>avilekh.morang@gmail.com (अभिलेख प्रयोजन) | **Website Address:**<br>daomorang.moha.gov.np |

प्रशासकिय अधिकृत

जिल्ला प्रशासन कार्यालय